# सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पूर्वाधार विकास सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७६

प्रदेश सरकार

प्रदेश नं. ५

सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल

# सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पूर्वाधार विकास सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७६

मा. मन्त्रीज्यूबाट स्वीकृत मितिः- २०७६/०८/०४

**प्रस्तावनाः**

प्रदेश भित्रका सामुदायिक क्याम्पसहरुको पूर्वाधारको विकास गरी सामुदायिक क्याम्पसलाई प्रतिष्पर्धी बनाई उच्च शिक्षाको गन्तव्यका रुपमा स्थापित गर्दै सामुदायिक क्याम्पसहरुको संस्थागत क्षमता र कार्यदक्षता अभिवृद्धि गर्नका लागि सामुदायिक क्याम्पसहरुको भौतिक संरचना निर्माणमा सहयोग गर्नका लागि सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५ ले यो निर्देशिका तयार गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पूर्वाधार विकास सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७६" रहेको छ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "प्रदेश" भन्नाले प्रदेश नं. ५ लाई सम्झनु पर्दछ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्दछ।

(ग) "निर्देशनालय" भन्नाले प्रदेशको शिक्षा तथा सामाजिक विकास निर्देशनालयलाई सम्झनु पर्दछ।

(घ) "सामाजिक विकास डिभिजन कार्यालय" भन्नाले यस मन्त्रालय मातहत जिल्लास्थित सामाजिक विकास डिभिजन कार्यालयलाई सम्झनु पर्दछ।

(ङ) "सामुदायिक क्याम्पस" भन्नाले नेपालको कुनै विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी समुदायद्वारा स्थापना गरी गैरनाफामूलक रुपमा सञ्चालन भएका क्याम्पसहरुलाई सम्झनु पर्दछ।

(च) "मूल्याङ्कन तथा छनौट समिति" भन्नाले दफा ४ बमोजिमको समितिलाई सम्झनु पर्दछ।

(छ) "पूर्वाधार सहयोग" भन्नाले सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुर्याउन आवश्यक पर्ने न्यूनतम पूर्वाधार जस्तै क्याम्पस भवन निर्माण, प्रयोगशाला निर्माण, प्रयोगशालाका उपकरण तथा सामाग्री, छात्रावास भवन निर्माण, भवन मर्मत, कम्पाउण्ड वाल निर्माण, विद्यार्थीका लागि बस, सूचना तथा सञ्चार प्रविधिका उपकरणहरु, पुस्तकालय एवम् शौचालय स्थापना गर्न उपलब्ध गराइने वित्तीय सहयोगलाई जनाउँछ ।

(ज) "निर्देशिका" भन्नाले सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पूर्वाधार विकास सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७६" लाई सम्झनु पर्दछ।

(झ) "सामाजिक परीक्षण" भन्नाले यस निर्देशिका बमोजिम कार्यक्रम सम्पन्न भएपछि जिम्मेवार समिति वा अधिकारीले समितिका पदाधिकारीहरु, स्थानीय तहका प्रतिनिधिहरु, शिक्षक, अभिभावक, विद्यार्थी तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएको स्थानमा भेला गराई कार्यक्रमको आम्दानी, खर्च, कार्यक्रमबाट निर्मित संरचना र खरिद भएका भौतिक वस्तुको सार्वजनिकीकरण गरी त्यस उपर उपस्थित व्यक्तिहरुको राय प्रतिक्रिया लिने कार्यलाई बुझाउँदछ।

३. **उद्देश्यः** यस निर्देशिकाको उद्देश्यहरु देहायबमोजिम रहेका छन्।

(क) सामुदायिक क्याम्पसको भौतिक पूर्वाधार विकासमा सहयोग गर्ने,

(ख) सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सहयोग गर्ने।

४. **मूल्याङ्कन तथा छनौट समितिः** (१) यस निर्देशिका बमोजिमको कार्यक्रम सञ्चालनका लागि निर्देशनालयमा पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गरी प्रस्ताव स्वीकृत गर्न देहाय बमोजिमको समिति रहनेछः-

| | |
|---|---|
| (क) निर्देशक, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | संयोजक |
| (ख) अधिकृत प्रतिनिधि, उच्च शिक्षा महाशाखा, सामाजिक विकास मन्त्रालय | सदस्य |
| (ग) कानुन अधिकृत, सामाजिक विकास मन्त्रालय | सदस्य |
| (घ) लेखा अधिकृत, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | सदस्य |
| (ङ) इन्जिनीयर, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | सदस्य |
| (च) उच्च शिक्षा तथा प्राविधिक शाखा प्रमुख, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | सदस्य सचिव |

(२) समितिले आवश्यक ठानेमा बैठकमा एक पटकमा बढीमा ३ जना विषय विज्ञलाई आमन्त्रण गर्नसक्नेछ।

५. **मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकारः** मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्।

(क) सामुदायिक क्याम्पसबाट प्राप्त प्रस्तावहरुमध्ये सहयोगका लागि सम्भाव्य क्याम्पसको स्थलगत अनुगमन गरी सत्यापन गर्ने।

(ख) सामुदायिक क्याम्पसबाट प्राप्त प्रस्तावहरु स्वीकृत मापदण्डको आधारमा मूल्याङ्कन गर्ने।

(ग) सामुदायिक क्याम्पसहरुलाई पूर्वाधार विकास सहयोग उपलब्ध गराउन मापदण्डबमोजिम सहयोग रकम निर्धारण गर्ने।

(घ) क्याम्पसलाई पूर्वाधार रकम सिफारिस गर्दा दफा ६ को मापदण्डको अधीनमा रही कम्तिमा १ जिल्लामा १ क्याम्पस पर्ने गरी छनौट गर्ने।

(ङ) सामुदायिक क्याम्पसलाई दिइने सहयोग रकम स्वीकृत गर्ने।

(च) अनुसूची-२ बमोजिमको प्रावधानमा नबढ्ने गरी सहयोग रकम निर्धारण गर्ने।

६. **मापदण्डः** यस निर्देशिका बमोजिम पूर्वाधार विकास सहयोग प्राप्त गर्नका लागि सामुदायिक क्याम्पसले देहायबमोजिमको न्यूनतम मापदण्ड पुरा गरेको हुनुपर्नेछः-

(क) स्थापना भई कम्तीमा तीन शैक्षिक सत्र पुरा गरेको सामुदायिक क्याम्पस हुनुपर्ने।

(ख) पहाडी जिल्लामा कम्तीमा १०० र तराईका जिल्लामा २०० विद्यार्थी भएको क्याम्पस हुनुपर्ने।

(ग) क्याम्पसको आफ्नै जग्गा वा भोगाधिकार प्राप्त गरेको लालपुर्जा वा लिखत हुनुपर्ने।

(घ) विषयगत योग्यता पुगेका अध्यापक हुनुपर्ने।

(ङ) गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्ष सम्मको लेखा परीक्षण प्रतिवेदन हुनु पर्ने।

(च) क्याम्पसलाई उपलब्ध गराइने अनुदान रकमको कम्तीमा १५ प्रतिशत लागत सहभागिता क्याम्पसबाट व्यहोर्ने प्रतिबद्धता भएको हुनुपर्नेछ। मन्त्रालय वा अनुदानग्राही क्याम्पस बाहेक अन्य व्यक्ति वा संस्थाले लागत साझेदारी गर्ने प्रतिवद्वता प्रस्ताव माग गर्दाका बखत प्राप्त भएमा सोही बमोजिम लागत साझेदारीको अनुपात निर्धारण गर्नुपर्नेछ।

(छ) यो नियममा उल्लेखित मापदण्ड पुरा गरेका सामुदायिक क्याम्पसलाई अनुसूची-१ को मूल्याङ्कनका आधारमा सबैभन्दा बढी अंक हासिल गर्नेलाई कम्तीमा १ जिल्लामा १ क्याम्पस पर्ने गरी सहयोग रकम उपलब्ध गराउने।

७. **कागजातः** यस निर्देशिका बमोजिम पूर्वाधार विकास सहयोग प्राप्त गर्नका लागि प्रस्ताव पेश गर्दा देहाय बमोजिमको कागजात पेश गर्नुपर्नेछः-

(क) क्याम्पस संचालक समितिको निर्णयको प्रतिलिपि,

(ख) सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,

(ग) निर्माण गर्ने कामको भौतिक परीमाण खुलेको विवरण,

(घ) क्याम्पस आफूले जुटाउने न्युनतम १५% लागत सहभागिता गर्ने प्रतिबद्धता सहितको विस्तृत प्रस्ताव,

(ङ) विगत तीन वर्षको संस्थाले प्राप्त गरेको शैक्षिक उपलब्धि/नतिजा विवरण खुल्ने प्रमाण,

(च) जग्गा धनी प्रमाणपुर्जा वा भोगाधिकार पत्र वा सम्झौता पत्र।

८. **प्रस्तावः** (१) शिक्षा तथा सामाजिक विकास निर्देशनालय वा सामाजिक विकास डिभिजन कार्यालयले निश्चित समय तोकी सामुदायिक क्याम्पसहरुलाई गुणस्तर अभिवृद्धि गर्न पुर्वाधार विकासको लागि प्रस्ताव पेश गर्न आह्वान गर्नेछ। क्याम्पसहरुले अनुसूची ३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ।

(२) प्रस्ताव पेश गर्ने सम्बन्धी सूचनामा प्रस्तावका साथ दफा ६ र ७ मा उल्लेख भएका कागजात र विवरणको व्यहोरा खुलाउनुपर्नेछ।

(३) प्रस्तावित पूर्वाधार विकासले सामुदायिक क्याम्पसको गुणस्तर अभिवृद्धिमा के कसरी सहयोग पुर्याउने हो, प्रस्तावमा उल्लेख गर्नुपर्नेछ।

(४) प्रस्ताव पेश गर्दा अनुसूची २ मा उल्लेखित पूर्वाधार विकास सहयोग क्षेत्रहरुमध्ये आफ्नो संस्थालाई कुन क्षेत्रमा सहयोग आवश्यक हो सोहीमा केन्द्रित हुनुपर्नेछ।

(५) तोकिएको समयभित्र प्राप्त प्रस्तावहरुमा माग भएका कागजात र विवरण रुजु गरी माग बमोजिम

भएमा दर्ता तथा स्वीकृत गरी राख्नुपर्नेछ।

(६) निर्देशकले वा सामाजिक विकास डिभिजन कार्यालयलको कार्यालय प्रमुखले तोकिएको म्याद समाप्त हुने दिनको कार्यालय समयभित्र प्राप्त प्रस्तावहरुको दर्ता रजिष्टरमा हस्ताक्षर गरी मिति, समय उल्लेख गरी बन्द गर्नुपर्नेछ।

(७) पूर्वाधार निर्माण गर्दा राष्ट्रिय भवन संहिता पालना गरी निर्माण गर्नुपर्नेछ।

(८) पूर्वाधार निर्माण गर्दा नेपाल सरकारबाट स्वीकृत भवन निर्माण मापदण्डहरु पालना गर्नुपर्नेछ।

९. <u>कार्यक्रम सञ्चालनका शर्तहरुः</u> सामुदायिक क्याम्पसमा गुणस्तर अभिवृद्धिका लागि प्राप्त सहयोगको प्रयोग देहायका शर्तबमोजिम गर्नुपर्ने छः-

(क) मूल्याङ्कन तथा छनौट समितिबाट स्वीकृत भएको रकम जुन पूर्वाधार निर्माण गर्न सहयोग उपलब्ध गराइएको हो सोही क्षेत्रमा खर्च गर्नुपर्नेछ।

(ख) एउटै काममा दोहोरो स्रोत प्रयोग गर्न पाइने छैन, दोहोरो स्रोत प्रयोग गरिएको पाइएमा वा रकम अनियमित तवरले खर्च भएमा जिम्मेवार पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ र कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

(ग) निर्देशिका बमोजिमका कामका लागि स्वदेशी तथा विदेशी दातृ निकायबाट आर्थिक सहायता / अनुदान प्राप्त गरेको भए खुलाउन लगाई विगत आ. व. हरुमा त्यस्तो अनुदान प्राप्त नगरेका संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

(घ) माथि उल्लेखित प्रावधानका अतिरिक्त पूर्वाधार विकास सहयोग प्राप्त गर्ने क्याम्पससँग सामाजिक विकास डिभिजन कार्यालयले गर्ने सम्झौतामा उल्लेखित व्यवस्थाहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ।

(ङ) क्याम्पसहरुले निर्माण तथा खरिद सम्बन्धी कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ पूर्णरुपमा पालना गर्नुपर्नेछ।

१०. <u>प्राविधिक सहयोगः</u> सामुदायिक क्याम्पसको पूर्वाधार विकासका लागि प्राप्त सहयोग र साझेदारीको हिस्सा समेतबाट निर्माण हुने भौतिक पूर्वाधार निर्माणको लागत इस्टिमेट निर्माण गर्ने, नक्सा डिजाइन र रनिङ विल उठाउने एवम् कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने कार्य निर्देशनालय वा सामाजिक विकास डिभिजन कार्यालयबाट हुनेछ।

११. <u>सम्झौता तथा भुक्तानी सम्बन्धी व्यवस्थाः</u> (१) पूर्वाधार विकास सहयोगका लागि छनौटमा परेका क्याम्पसहरुसँग निर्देशनालयले विकास गरेको ढाँचा बमोजिम सामाजिक विकास डिभिजन कार्यालयबाट सम्झौता गर्नुपर्नेछ।

(२) सम्झौता भएपछि सम्बन्धित स्थानीय तहलाई क्याम्पस तथा सामाजिक विकास डिभिजन कार्यालयले जानकारी गराउनुपर्नेछ।

(३) सम्झौता भए पश्चात कार्य सञ्चालनको लागि पेस्कीको रुपमा जम्मा रकमको एक तिहाइ , कार्यक्रम

सञ्चालनको क्रममा कार्य प्रगतिको आधारमा दोस्रो किस्ता र कार्य सम्पन्न प्रतिवेदन पश्चात अन्तिम भुक्तानी गरी तीन किस्तामा निकासा दिन सकिनेछ।

(४) कार्य सम्पन्न पश्चात सम्वन्धित स्थानीय तहको प्रतिनिधिको उपस्थितिमा सामाजिक परीक्षण गरेको प्रतिवेदन, स्थानीय तहको सिफारिस र निर्देशनालय तथा सामाजिक विकास डिभिजन कार्यालयको अनुगमन तथा प्राविधिक सुपरिवेक्षण समेतका आधारमा अन्तिम भुक्तानी सामाजिक विकास डिभिजन कार्यालयले गर्नेछ।

(५) क्याम्पसले आर्थिक ऐन, नियमावलीको प्रकृया पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१२. **अनुगमनः** (१) सम्झौता अनुसारको पूर्वाधार विकास अनुगमन निर्देशनालय तथा सामाजिक विकास डिभिजन कार्यालयबाट हुनेछ।

(२) सम्बन्धित स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइलाई अनुगमनका लागि अनुरोध गर्न सकिनेछ र शिक्षा विकास तथा समन्वय इकाइ वा स्थानीय तहको संयन्त्रबाट भएको अनुगमन प्रतिवेदनलाई अनुगमन प्रक्रियाको अंगका रुपमा समावेश गरिनेछ।

१३. **सामाजिक परीक्षणः** कार्यक्रम सम्पन्न भएपछि जिम्मेवार समिति वा अधिकारीले समितिका पदाधिकारीहरु, स्थानीय तहका प्रतिनिधिहरु, शिक्षक, अभिभावक, विद्यार्थी तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएको स्थानमा भेला गराई कार्यक्रमको आम्दानी-खर्च, कार्यक्रमबाट निर्मित संरचना र खरिद भएका भौतिक वस्तुको सार्वजनिकीकरण गरी त्यस उपर उपस्थित व्यक्तिहरुको राय प्रतिक्रिया, टिप्पणी र सुझाव लिई सामाजिक परीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ।

१४. **कार्यक्रमको जाँचपास तथा फरफारकः** कार्यक्रमको जाँचपास निर्देशनालय वा सामाजिक विकास डिभिजन कार्यालयबाट हुनेछ।कार्यक्रम सम्पन्न भएपछि सामाजिक विकास डिभिजन कार्यालयबाट यसको फरफारक गर्नुपर्नेछ।

१५. **प्रचलित कानून बमोजिम हुनेः** यस निर्देशिकामा उल्लेख भएको विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१६. **संशोधनः** मन्त्रालयले आवश्यक ठानेमा आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिइ यो निर्देशिका संशोधन गर्न सक्नेछ।

अनुसूची - १

**मूल्याङ्कनका आधारहरु**

दफा ६ को उपदफा (छ) सँग सम्वन्धित

जिल्लाः-क्याम्पसको नामः-                                   ठेगानाः-

| क.सं. | विषयक्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | विगत ३ वर्षको औसत नतिजा<br>शून्य भएमाः ०, २५% सम्म भए ४, २६-५०% भए ८,<br>५१%-७५% सम्म भए १२,७५% भन्दा माथि भए १५, | १५ | | |
| २. | पूर्णकालिन विषयगत शिक्षक एक संकायमा ५जना भएमा, दुई संकायमा ७ जना भएमा, तीन संकायमा १० जना भएमा ५, पूर्णकालिन शिक्षक नभएमा ० पाउनेछ। | ५ | | |
| ३. | आफ्नै स्वामित्वको जग्गा भएमा १५,<br>भोगाधिकार प्राप्त जग्गा भएमा १०, | १५ | | |
| ४. | कूल विद्यार्थी संख्या तोकिएको न्यूनतम संख्याको थप २५% भएमा ५, तोकिएको न्यूनतम संख्याको थप २६% - ५०% सम्म भएमा ८, तोकिएको न्यूनतम संख्याको थप ५१% - ७५%सम्म भएमा १२, ७५% भन्दा बढी भएमा १५ | १५ | | |
| ५. | दलित, मुस्लिम, अल्पसंख्यक जातिको विद्यार्थी संख्या प्रतिशत कूल विद्यार्थी संख्याको १०% सम्म भए ५, २०%सम्म भए १०, सो भन्दा माथि भए १५ | १५ | | |
| ६. | भौगोलीक क्षेत्र — हिमाली क्षेत्र १५, पहाडी क्षेत्र १०, तराई क्षेत्र ५, | १५ | | |
| ७ | लागत सहभागिता २०-३०% भएमा मा ३  र सो भन्दा बढी भएमा  ५ | ५ | | |
| ८ | प्रस्तावको गुणस्तर | ५ | | |
| ९ | क्याम्पसमा एक मात्र संकाय चलेको भए ३, एकभन्दा बढी संकाय चलेको भए ५ | ५ | | |
| १० | गाउँपालिकामा सञ्चालित क्याम्पस भए ५, नगरपालिकामा सञ्चालित क्याम्पस भए ३ | ५ | | |
| | जम्मा | १०० | | |

अनुसूची - २

## दफा ८ को उपदफा ४ सँग सम्वन्धित

पूर्वाधार विकास सहयोगका क्षेत्रहरु निम्न अनुसार रहने छन्।

| सि. न. | शीर्षक | अधिकतम सहयोग रकम | कैफियत |
|---|---|---|---|
| १. | भवन वा छात्रावास | ६०,००,०००/- | क्याम्पसले प्रदेश सरकारबाट प्राप्त हुने रकममा न्यूनतम १५% रकम थप गरी कार्य सम्पन्न गर्नुपर्ने छ । |
| ३. | मर्मत- भवनको वाल, भुई, रंगरोगन ,ढोका, झ्याल, आदि, | ५,००,०००/- | |
| ४. | सुचना तथा सञ्चार प्रविधि सम्बन्धी सामग्री - कम्प्युटर, प्रिन्टर, प्रोजेक्टर, फोटोकपी मेसिन | १०,००,०००/- | |
| ५. | विद्यार्थीका लागि बस | २५,००,०००/- | |
| ६. | कम्पाउण्ड वाल | १०,००,०००/- | |
| ७. | प्रयोगशाला निर्माण, उपकरण तथा सामग्री खरिद | १०,००,०००/- | |
| ८. | पुस्तकालय | १,००,०००/- | |
| ९. | शौचालय | ८,००,०००/- | |

अनुसूची - ३

**परियोजना प्रस्ताव फारम**

**दफा ८ को उपदफा (१) सँग सम्बन्धित**

१. क्याम्पसको नामः-

२. क्याम्पसको ठेगानाः-

३. शिक्षक विवरणः-

| शिक्षकको नाम | नियुक्ति मिति | योग्यता | पूर्णकालीन वा आंशिक |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| यो ढाँचामा अलग विवरण पेश गर्नु पर्नेछ। | | | |

४. क्याम्पसको जग्गा विवरणः

१. लालपुर्जा भएको जग्गाको क्षेत्रफलः

२. भोगाधिकार भएको जग्गाको क्षेत्रफल;

५. भौतिक अवस्था

१. खेल मैदान;-

२. कक्षा कोठाः-

३. पठनपाठनमा प्रयोग भएका कक्षा कोठा संख्याः-

४. अन्य प्रयोजनमा प्रयोग भएका कोठा संख्याः-

५. अन्य कोठाः-

६. प्रयोगशालाः-

७. पुस्तकालयः

८. कम्पाउन्ड वालः-

९. सौचालयः छात्रः- छात्राः-

६. विद्यार्थी संख्याः- गत ४ वर्षको संकायगत र तहगतको अलग विवरण पेश गर्ने

७. विद्यार्थी नतिजाः गत ४ वर्षको संकायगत र तहगतको अलग विवरण पेश गर्ने

| शैक्षिक सत्र | नतिजा |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |

८. माग गर्ने कार्यक्रम;

९. दलित, मुस्लिम, अल्पसंख्यक समुदायको विद्यार्थी संख्या

१०. अनुमानित कूल लागतः-

११. क्याम्पसले व्यहोर्ने लागत सहभागिता रकमः-

१२. प्रस्तावनाको उदेश्यः-

१३. प्रस्तावनामा आधारित कार्यः-

१४. कार्ययोजनाः-

१५. अपेक्षित नतिजाः-

१६.    जोखिमहरुः-

१७.    निष्कर्षः-